**संघार**

तिमी, म
अनि एउटा नदेखिने संघार
ढोका खुल्छ
म बाहिरबाट भित्र पस्छु
तिमी भित्रबाट बाहिर
अरु बेला म भित्रबाट बाहिर निस्कन्छु
तिमी बाहिरबाट भित्र

मेरो छाँया
कहिले तिमीसँगै बाहिर छुट्छ
कहिले भित्र
र म कहिले तिम्रो छाँयाको अँगालोमा सुत्छु
कहिले उसलाई डोर्‍याएर फूलहरु चहार्छु
र कहिले
हूलमूलमा
कतै छुट्टिए
कतै हराए
खोज्छु तिम्रो छाँयालाई
आँखाले भ्याएसम्म

नभ्याए
प्रार्थना गर्छु
विद्रोह गर्छु
तिम्रो ढोका खुलाउन
अनि त्यो खुल्नुको निमेषमा
सकेसम्म खजाना बटुल्छु
भित्र भए तिम्रा छरपस्ट चीजबीजको
बाहिर भए तिम्रो घामको, तिम्रा शिखरको
र त्यसको बाली लाउँदै
मंसीर कुर्छु
तर अफसोस्
मैले भाग्नैपर्छ

मंसीर अगावै
अस्ताएको घाम जस्तै
मिर्मिरेको जून जस्तै
ढोकाबाहिर भए भित्र
भित्र भए बाहिर

मल्लिका शाक्य, जून २५, २००६, डिसी